आ.व. २०८२/८३
बैठक संख्या : १

आज मिति २०८२ साल श्रावण ३० गते शुक्रबार सहिदभूमि गाउँपालिकाका अध्यक्ष श्री मनोज राईज्यूको अध्यक्षतामा सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिती

| क सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मनोज राई | अध्यक्ष | |
| २. | श्री रत्नश्वरी राई | उपाध्यक्ष | |
| ३. | श्री रमेश कुमार राई | वडाध्यक्ष, वडा नं. १ | |
| ४. | श्री खगेन्द्र राई | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | श्री होमनाथ राई | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | श्री भिम बहादुर राई | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | श्री हेम कुमार राई | वडाध्यक्ष, वडा नं. ६ | |
| ८. | श्री बम बहादुर राई | वडाध्यक्ष, वडा नं. ७ | |
| ९. | श्री दिवानी राई | कार्यपालिका सदस्य | |
| १०. | श्री विनिता राई | कार्यपालिका सदस्य | |
| ११. | श्री मधु भण्डारी | कार्यपालिका सदस्य | |
| १२. | श्री बालिका विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | श्री प्रकाश राई | कार्यपालिका सदस्य | |
| १४. | श्री सूर्यबहादुर भण्डारी | सचिव | |
| १५. | श्री सफल राई | का.बा.वडाध्यक्ष, वडा नं. ५ | |
| | अन्य उपस्थिती | | |
| १. | श्री होम बहादुर थापा | प्रशासन तथा योजना शाखा प्रमुख | |
| २. | नितेश कुमार यादव | आर्थिक प्रशासन शाखा प्रमुख | |
| ३. | हरि कुमार राई | प्रशासन इकाई | |

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ बैंक खाता सञ्चालन सम्बन्धमा ।**

**निर्णय नं. १** सरकारी कारोवार निर्देशिका, २०७६ (दोस्रो संशोधन २०८१) अनुसार ग समूहका तपशिलका खाताहरु खोली सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिलः**

(१) ग-२.१ बजेट खर्च खाता-विजोर वर्ष,
(२) ग-२.२ बजेट खर्च खाता-जोर वर्ष,
(३) ग-२.३ विविध खर्च खाता,
(४) ग-५.२ स्थानीय तह समिति, वोर्ड कोष खाता ।

**प्रस्ताव नं. २ सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धमा ।**

**निर्णय नं. २** सामाजिक सुरक्षा भत्ता नविकरण गर्नको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य भएको र सहिदभूमि गाउँपालिका अन्तर्गत वडाहरुबाट सामाजिक सुरक्षा भत्ता नविकरण प्रयोजनको लागि राष्ट्रिय परिचय पत्र लिन जिल्ला प्रशासन कार्यालय, धनकुटासम्म जान आउनको लागि सहिदभूमि गाउँपालिका वडा नं ४ पिप्लेमा गाउँपालिकाले सवारी साधनको व्यवस्था गरिदिने र आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिको हकमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ३ को ४ (क) बमोजिम नेपाल मेडिकल काउन्सिलबाट स्वीकृति प्राप्त चिकित्सकबाट कागजात प्रमाणित गराइ पेश गर्ने व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ सुकेआहाल-पोक्ला-हाङ्गा सडकको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं. ३** सुकेआहाल-पोक्ला-हाङ्गा सडकको सहिदभूमि गाउँपालिका, धनकुटा र आनन्द पुजा जे/भीबीच मिति २०८२/०३/२० मा कार्य सम्पन्न गर्ने गरी मिति २०८१/०८/१२ मा सम्झौता भएकोमा अविरल वर्षा लगायतको कारण देखाई तोकिएको सम्झौता अवधिभित्र कार्य सम्पन्न गर्न

नसकिने भनि मिति २०८२/०२/२९ मा २०८२ साल मंसिर मसान्त सम्म समयावधि थपको लागि निवेदन पेश गरेको हुँदा प्राविधिक प्रतिवेदन समेतको आधारमा मिति २०८२/०८/२९ सम्म उक्त आयोजनाको कार्य सम्पन्न गर्ने गरी समयावधि थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ ठेक्का सम्पन्न हुन बाँकी रहेका आयोजनाहरुको ताकेता सम्बन्धमा ।**

**निर्णय नं. ४** आर्थिक वर्ष २०८१/०८२ सम्ममा सञ्चालनमा रहि कार्यसम्पन्न नभएका आयोजनाहरुलाई तोकिएको समयसिमा भित्र आयोजना सम्पन्न गर्नको लागि ताकेता गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ इञ्जिनियर पदपूर्ति सम्बन्धमा ।**

**निर्णय नं. ५** साहिदभूमि गाउँपालिका, पिप्ले, धनकुटामा कार्यरत इञ्जिनियर साँतौं श्री शरद पण्डित अन्यत्र स्थानीय तहमा सरुवा भइ रिक्त रहेको स्थानीय इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह, साँतौं तहको इञ्जिनियर पद स्थायी पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोग, विराटनगर, मोरङ्गमा माग आकृति फाराम भरी पठाउने सर्वसम्मत निर्णय गरियो ।